# निराशाभित्रको टेलिभिजन पत्रकारिता

**मनिषा गौचन**

## पृष्ठभूमि

टेलिभिजनमा काम गरेको अनुभव सुनाउन २०६८ मंसिर २२ गते बिहिबारका दिन मार्टिन चौतारीमा जम्मा भएका थियौँ । मार्टिन चौतारीको नियमित मिडिया छलफल शृंखलाअन्तर्गत 'नेपाली टेलिभिजनमा पत्रकारको आकर्षण तथा विकर्षण' विषयमा उक्त अन्तर्क्रिया भएको थियो । त्यहाँ एभिन्यूज टेलिभिजनका डेस्क सम्पादक टीकाराम यात्री, एबीसी टेलिभिजन छोडेर *हिमालय टाइम्स* दैनिकमा काम गरिरहेका पत्रकार दुर्गा दुलाल र झन्नै एक वर्ष टेलिभिजन पत्रकारिता गरेर 'अब नफर्कने' विचार गर्दै बाहिरिएकी म आफैँ पनि थिएँ । पत्रकार दुलाल र मेरो अनुभव मिल्थ्यो । हाम्रा कुरा टेलिभिजनप्रति आशान्मुख थिएनन् । होऊन पनि किन ? दिक्दारलाग्दो वातावरण देखेर हामी टेलिभिजन छाडेर हिँडेका थियौँ । दुलाललाई पनि सञ्चार गृहभित्रको संयन्त्र माकुराको जालो जस्तै भद्रगोल लाग्दो रहेछ । जहाँ भरखर प्रवेश गरेका नयाँ पत्रकार सुरुमै अलमलिन पुग्छन् । दुलाल भन्थे, "टेलिभिजन नयाँ पत्रकारलाई लोभ्याउने थलो रहेछ, जहाँको आन्तरिक वातावरण देखेपछि नयाँ पत्रकार हतोत्साही हुने ।"

यो लेख चौतारीमा भएको त्यही बहसले जन्माएको एउटा सामग्री हो । यसमा एभिन्यूज टेलिभिजनमा काम गर्दाको मेरो अनुभव उतारिएको छ । कुनै पनि क्षेत्रलाई राम्ररी बुझ्न त्यहाँभित्र पस्नुपर्दो रहेछ । 'राष्ट्रकै सर्वोत्कृष्ट च्यानल'को दाबी गर्ने *एभिन्यूज* टेलिभिजनमा सञ्चारकर्मी हुने संयोग जुऱ्यो । त्यहाँ २०६६ पुसदेखि २०६७ मंसिरसम्म झन्नै एक वर्ष काम गरेँ । एक वर्षको त्यो अवधिले टेलिभिजन पत्रकारितालाई केही हदसम्म बुझ्न सघायो नै । यसबाहेक टेलिभिजन सञ्चालनका भित्री पाटासमेत नियाल्ने अवसर पनि बन्यो मेरा लागि । अनुभवलाई समेटेर लेखिएको लेख भए तापनि यसमा टेलिभिजन पत्रकारितालाई समेत छुन खोजेकी छु ।

## टेलिभिजन पत्रकारितामा मेरो प्रवेश

ह्वात्त सबैको आँखा जाने हुँदा यो क्षेत्र बढी ग्ल्यामर भएकै हो । जहाँ शरीरको हाउभाउदेखि आफ्नो खुबी र कलाका माध्यमबाट पत्रकारले आफूलाई दर्शकमाझ चिनाउने अवसर प्राप्त गर्ने विश्वास राख्छन् । टेलिभिजनको यही विशेषताकै कारण धेरै पत्रकार यसतर्फ आकर्षित भएका हुन् भन्ने लाग्छ । तर 'केही गर्ने' उद्देश्य लिएर टेलिभिजनमा प्रवेश गर्नेहरू हुँदै नभएका भने होइन ।

टेलिभिजनको स्क्रीनमा हाउभाउको प्रदर्शन गर्ने मात्रै नभई विचारमूलक र खोजमूलक सूचना तथा सन्देश दिएर सामाजिक, आर्थिक विकासमा सक्दो योगदान पुऱ्याउन सकिन्छ कि भन्ने उद्देश्यले म टेलिभिजन पत्रकारितामा प्रवेश गरेकी हुँ । पत्रकारिता मेरो रुचिको क्षेत्र भए तापनि टेलिभिजन पत्रकारितामै काम गरूँला भन्ने मैले सोचेकी भने थिइनँ । गायक रवि बज्राचार्यका मित्र राकेश डंगोल, *एभिन्यूज* टेलिभिजनमा कार्यरत थिए । उनले आफ्नो 'जात्रा तथा सांस्कृतिक कार्यक्रम'मा स्क्रीप्ट लेख्नका लागि मेरो नाम प्रस्ताव गरेछन् । सोहीअनुसार मलाई त्यहाँ बोलाइयो । पत्रकारितासम्बन्धी नयाँ अनुभव सँगाल्ने कल्पना गर्दै म त्यहाँ पुगेँ ।

जब म पहिलो पटक त्यहाँ पुगेँ, बाल्यकालमा मैले कल्पेको टेलिभिजन सम्झेर हाँसो लाग्यो । म टेलिभिजनलाई एउटा घर भन्थेँ र त्यहाँ थुप्रै राम्रा मान्छे हुन्छन् भन्ने ठान्थेँ । र, आफैँ पनि त्यसभित्र पस्न पाए कस्तो हुन्थ्यो भन्ने कल्पना गर्थें । तर अहिले आफू नै एउटा कामको जिम्मा लिन टेलिभिजन गृहभित्र प्रवेश गर्दै थिएँ । त्यहाँ स्क्रीप्ट लेखनसँगै मैले पत्रकारिता गर्ने उद्देश्य पनि बनाएकी थिएँ । टेलिभिजनको स्क्रीनमा आफूलाई प्रदर्शन गर्नुभन्दा बढी समाजका विसंगति र तिनको समाधानको खोजी गर्ने खालका रिपोर्ट तथा

कार्यक्रम उत्पादन गर्नु मेरो उद्देश्य थियो । तर टेलिभिजन गृहभित्र मेरा सपना सबै ओझेलमा परे । व्यवस्थापकको निर्देशनअनुसार चल्नुपर्ने भयो । म स्क्रीप्ट लेखक नभएर डेस्क सम्पादक भएँ । साहित्य लेखनको[1] जगमा मात्र ठडिएकी मलाई पत्रकारिताको अनुभवविना नै डेस्कमा राखिनु आफैँमा हास्यास्पद निर्णय थियो । डेस्कमा आइपुगेका समाचार तथा रिपोर्टहरूको सम्पादन गर्नु सानोतिनो जिम्मेवारी थिएन । र म आफैँलाई पनि त्यो जिम्मेवारी पूरा गर्न सकूँला भन्नेमा शंका थियो । कार्यकारी निर्देशकको उक्त निर्णयलाई चुपचाप स्वीकारेँ । बरु ममाथि उनले गरेको विश्वास भन्ने ठानेँ ।

पत्रकारिताको अनुभव नभएकै कारण केही समय त म धेरै अलमलिएँ । स्वतन्त्र लेखकलाई एकैचोटि समाचार सम्पादक हुन धेरै गाह्रो कुरा रहेछ । समाचारमा तथ्य बलियो हुन्छ तर सिर्जनशीलता, कला, कल्पना र भावपक्षलाई भने कमजोर पारिन्छ । तर स्वतन्त्र लेखक त्यसमा पनि आख्यान र कविता लेख्ने मान्छे यी चीजहरूबाट टाढा हुन सक्दैन । ऊ यी सब कुरालाई आफ्नो लेख मजबुत बनाउने आधार ठान्दछ । स्वतन्त्र लेखकले कमिलाको ताँतीलाई पनि आफ्नो लेखको विषयवस्तु बनाउन सक्छ । यस्तै प्रकृतिकी म, डेस्कमा खुम्चन पुगेकी थिएँ । आफ्नो पदीय जिम्मेवारीका कारण इच्छाअनरूप काम गर्न सकिरहेकी थिइनँ । आफू सरहका पुरुष डेस्क सम्पादकले जसरी काम गर्न नसक्दा ममा हीनताबोध हुने गर्थ्यो ।

डेस्कमा काम गर्ने अनुभवी मित्रको व्यंगात्मक भनाइले मलाई निकै दुःखी तुल्याउँथ्यो पनि । सुरु-सुरुमा त एउटा समाचार सम्पादन गर्न पनि खुबै मुस्किल हुन्थ्यो । त्यतिबेला सँगै बसेका सिनियर सम्पादकले व्यंग्य गर्दै भन्थे, "मनिषाजी, कहिले पत्रकार बन्नुहुन्छ ?" उनको भनाइले मलाई चिन्तित तुल्याउँथ्यो । मलाई टेलिभिजन प्रवेश गर्न सहयोग गरेका राकेश डंगोलसँग आफू डेस्कमा सन्तुष्ट हुन नसकेको कुरा सुनाउँथे । उनले छिटै नै 'जात्रा तथा संस्कृति टीम' बनेपछि डेस्कबाट छुटकारा दिने आश्वासन दिन्थे । तर उनको टीम कहिल्यै बन्न सकेन । मैले एभिन्यूज टेलिभिजन छोड्दासम्म पनि त्यो टीम अझै बनेको थिएन । पछि उनले टेलिभिजनको व्यवस्थापकीय कारणले गर्दा आफ्नो अलग्गै टीम बनाउन नसकेको बताए ।

---

१ कवितासंग्रह *फूलहरूको रङ्ग छैन* (२०६१) र उपन्यास *वल्लीको डायरी* (२०६३) मेरा प्रकाशित कृति हुन् ।

काम गर्दै जाँदा सिकिएला नि त भन्ने आशामा निरन्तरता दिएँ । अरूले बनाइसकेको समाचारको स्क्रीप्ट हेरेर नयाँ समाचार बनाउने कोसिस गर्दै गएँ । *देशमा आज* भन्ने कार्यक्रमका लागि जिल्ला-जिल्लाबाट आएका समाचारको सम्पादन गर्ने जिम्मा मेरै भयो । लगभग तीन महिना जति त्यही काम गरेँ । काम गर्ने सिलसिलामा थाहा पाएँ अरू डेस्क सम्पादकले मैले भन्दा झन्नै दोब्बर पारिश्रमिक लिँदा रहेछन् । यो थाहा भइसकेपछि उनीहरूकै बराबरी काम गर्न नसकेकोमा मलाई खासै ग्लानि लागेन । किनकि उनीहरू अनुभवी पनि थिए । तर उनीहरूमा नयाँलाई सिकाउनुपर्छ भन्ने सोच भने खासै पाइनँ । कुनै समाचार सम्पादन गरेर देखाएपछि उनीहरू त्यसबाट अर्को समाचार बनाउँथे र मैले बनाएको समाचारलाई स्वाट्ट काटिदिन्थे । तपाईंको यो भएन, यो वाक्य यसरी लेख्नुपर्थ्यो, यसलाई लीड (समाचारको सुरुको अंश) बनाउन सकिन्छ, जस्ता सल्लाह सुझाव दिन उनीहरू हत्तपत्त तैयार हुँदैन थिए । बरु फुर्सद भए चुरोट र चिया तान्न क्यान्टीनतिर गइहाल्थे । डेस्कको वातावरण मलाई चित्त बुझिरहेको थिएन । समाचार संयन्त्रमा नयाँ र सिकारुलाई सिक्ने र सिकाउने संस्कार हुनुपर्छ जस्तो मलाई लागिरहन्थ्यो । बरु आउटपुट (समाचार तथा रिपोर्ट टेलिभिजनको स्क्रीनमा पठाउनुअघिको अन्तिम चरणको कार्य) मा रहने पत्रकार रञ्जन झा र राजेन्द्र खनाल आदिबाट भने सुझाव तथा प्रोत्साहन मिल्ने गरेको सम्झना छ । पछि पत्रकार टीकाराम यात्री डेस्कमा आए । उनी निकै सहयोगी भावनाका थिए । भाषा सम्पादनदेखि लिएर समाचार कसरी लेख्ने भनेर सुझाव पनि दिने गर्थे । अरू डेस्क सम्पादकको तुलनामा उनी निकै चुस्त र छरितो थिए । उनको कार्यशैलीबाट म निकै प्रभावित भएँ । तर लागेको कुरा फ्याट्ट भनिहाल्ने उनको बानीले केही संवाददाताहरू भने असन्तुस्ट देखिन्थे ।

## डेस्कबाट फिल्ड जाँदा

टेलिभिजन पत्रकारिताका लागि मैले सुरुदेखि नै संघर्ष गर्नु थियो । त्यसैले डेस्कको काम छोडेर संवाददाता बन्न रूचाएँ । यसका लागि समाचार प्रमुखसँग अनुमति लिएँ; उनले मेरो प्रस्ताव सहजै स्वीकारे । डेस्कमा काम गरेको झन्नै चार महिनापछि संवाददाताको रूपमा काम गर्न पाउँदा सुरुमा त मलाई पिंजडाबाट मुक्त भएको चराजस्तै अनुभव भयो । संवाददाता भएर हिँड्न थालेपछि मात्र मलाई आफू साँच्चिकै पत्रकार हुन थालेको महसुस भयो । डेस्कमा कुँजिएर बस्नुभन्दा बाहिर गएर नयाँ-नयाँ समसामयिक विषयमा सूचना संकलन गर्नु राम्रो भन्ने लाग्यो । तर नयाँ संवाददाताका लागि यो त्यति सजिलो

थिएन । इनपुट (समाचार संकलनका लागि खटाइने विभाग) ले जहाँ खटाउँथ्यो त्यतै लाग्नुपर्थ्यो । उनीहरूकै निर्देशन पालन गर्दै म त्यस्ता कार्यक्रमहरूमा पुग्थेँ जहाँ राजनीतिक नेताहरूको भाषण हुन्थ्यो । सुरु-सुरुमा कार्यक्रमका विषयवस्तुलाई ध्यान दिएर समाचार बनाउँथेँ तर समाचार यस्तो नभएर नेताले बोलेको वाक्यलाई ध्यान दिएर बनाउनुपर्ने हुन्थ्यो । तर नेताहरूले बोल्ने कुरा प्रायः उस्तै हुने हुँदा समाचार खासै विशेष हुँदैन थियो । जस्तै : सभामुख सुवासचन्द्र नेम्वाङ आउने कार्यक्रममा जाँदा सधैँजसो उनको कुरा दोहोरिन्थ्यो, 'नयाँ संविधानको खाकाको अन्तिम तयारी' र 'दलहरू बीचको मेलमिलापको आवश्यकता' । यस्ता खालका रिपोर्टिङले नयाँ कुरा सिक्ने अवसर निर्माण गर्न सक्दैन थियो । त्यसैले बेग्लै क्षेत्र छानेर रिपोर्टिङ गर्ने इच्छा जाग्यो । बिस्तारै सामाजिक, सांस्कृतिक र मानवीय सम्बन्धका विषयमा स्टोरी बनाउनतर्फ उत्साहित भएँ । सो क्रममा कान्ति बाल अस्पतालमा चिकित्सकको लापरवाहीबाट एक बालकको मृत्यु, सोही अस्पतालमा पानीको अभावको कारण बालबालिकाको अप्रेसन हुन नसकेको विषयलाई लिएर बनाएको रिपोर्ट प्रसारित भयो । यसै गरी २०६७ सालतिरै सम्भवतः नेपालकै अग्ली महिला भनेर चर्चामा आएकी उन्नाइस वर्षीय उर्मिला चौधरी सिकिस्त भएर पनि उपचार हुन नसकेको विषयमा रिपोर्ट लेखेँ । यो प्रसारित भए लगत्तै उनलाई केही सहयोग प्राप्त भएको थियो । संवाददाता भइसकेपछि समाचार प्रमुख केदार कोइरालाले मेरो कामको प्रशंसा गर्दै भन्थे, "तपाईं रिपोर्टिङमा राम्रो हुनुहुन्छ । यसलाई अझै प्रभावकारी बनाउनुहोस् ।" तर प्रभावकारी कसरी बनाउन सकिन्छ यसबारे कुनै सुझाव सल्लाह पाउन सकिएन । किनकि उनीसँग कुरा गर्ने तालमेल नै प्रायः मिल्दैन थियो । उनी सिकाउन जान्दैन थिए या मैले प्रश्न गर्न जान्दिन थिएँ, मैले बुझ्न सकिनँ ।

छुट्टै टीम नभए पनि 'जात्रा र संस्कृति' भनेर विभिन्न समाचार तथा रिपोर्ट बज्थे । यसका लागि पनि विभिन्न स्थानमा संवाददाता भएर पुगेँ । फलस्वरूप मध्यरातमा आगोमा नाच्ने धामीहरूको दृश्यसहित एउटा रिपोर्ट पनि तयार गरियो । भोलिपल्ट टेलिभिजनमा बज्दा क्यामेरापर्सन र मैले 'वाह' 'वाह' नै पाएका थियौँ । यसरी नै कुपण्डोलमा बस्ने शमशेर राणा थरकी नब्बे वर्षकी एक वृद्धाको दिनचर्यालाई लिएर मानवीय सम्बन्धका खोक्रो पाटोलाई उप्काउने प्रयास पनि गरेँ । उनी राई थरकी अर्की वृद्धा सुसारेको सहारामा बाँचेकी थिइन् । राणा थरकी वृद्धाको वास्तविक अवस्था भने अत्यन्तै दयनीय थियो । पसलपसलमा माग्दै हिँड्नु, मन्दिरमा ढोग्दै विदेशमा रहेका आफ्ना सन्तानलाई सराप्नु उनको दिनचर्या नै थियो । उनी भन्थिन्, "विदेश गएर मेरी छोरीले मलाई भेट्नै

आइन । यहाँ मेरो कोही पनि छैन । भगवान्‌ले मलाई छिट्टै लगिदिए हुन्थ्यो ।" सन्तान भइकन पनि यसरी बिचल्लीमा परेकी थिइन् उनी । यस्ता खाले रिपोर्टहरू टेलिभिजनबाट प्रसारित हुँदा मलाई निकै गर्व लाग्थ्यो । गर्व यस अर्थमा कि रिपोर्ट तयार गर्न सकेकोमा, न कि दुःखलाई प्रसार गरेकोमा । तर यो गर्वानुभूतिले निरन्तरता पाउन सकेन । किनकि टेलिभिजनभित्रको संस्कार या भनूँ त्यसभित्रको वातावरण मलाई अनुकूल लागेन । न्यूजरूम भित्रै पनि प्रविधि र प्रशिक्षणको अभाव, नैतिकताको अभाव, एक अर्कालाई आदर गर्ने बानीको अभाव, समन्वयको अभावजस्ता धेरै कुराहरू महसुस गर्न थालेँ । यसको प्रमुख कारण कमजोर व्यवस्थापन थियो ।

संवाददाताको रूपमा काम गर्न थालेपछि अन्य टेलिभिजनका पत्रकारहरूसँग सम्पर्क बढ्दै गयो । उनीहरूसँगै बेलाबखत हुने कुराकानी, मेरो आफ्नै भोगाइ, सहकर्मीहरूको अनुभवलाई केलाउँदा मैले टेलिभिजन क्षेत्र सोचेजस्तो 'सम्पन्न' पाउन सकिनँ । जसले गर्दा टेलिभिजन पत्रकारिताप्रतिको मेरो दृष्टिकोण फरक हुँदै गयो र अन्ततः छोड्ने निर्णय नै गरेँ । टेलिभिजन क्षेत्रबाट म जस्तै व्यक्तिहरू निरूत्साहित भएर पेसा छोड्दै आएका छन् । एभिन्यूज टेलिभिजनमै संवाददाताको रूपमा कार्यरत सुमन सापकोटा पनि टेलिभिजन पत्रकारिताबाट सन्तुष्ट हुन नसकेर बाहिरिएका छन् । उनी छापामा प्रवेश गर्ने तयारी गर्दै छन् । यसै गरी सोही टेलिभिजनमा स्वास्थ्य कार्यक्रमकी प्रस्तोता तथा संवाददाता अशु कोइराला पनि टेलिभिजनभित्रको वातावरण अनुकूल नभएकाले आफू सो पेसा छोड्न बाध्य भएको बताउँछिन् । अन्य टिकिरहेका पत्रकारहरू आफैँ पनि टेलिभिजन गृहभित्रको संस्कार गतिलो नभएको स्वीकार्छन् । आफ्नो टेलिभिजनभित्रको कमीकमजोरीको खुलासा गर्दा आफ्नै आत्मसम्मानमाथि ठेस पुग्ने सोचले गर्दा कतिपय पत्रकारले कुरा गोप्य नै राख्ने गर्दछन् । चार महिनासम्म तलब नपाउँदा पनि कसैले सोधे भने म ढाँटिदिन्थेँ । मेरो अगाडि कसैले नाक खुम्च्याएको हेर्न नपरोस् भन्ने चाहन्थेँ ।

## टेलिभिजनमा श्रमजीवी पत्रकारको भूमिका र अवस्था

टेलिभिजनमा दृश्य, आवाज र अक्षरको तादात्म्यता हुन्छ । टेलिभिजनमा धेरै श्रम अदृश्य हुन्छ; धेरै श्रमजीवी पर्दा पछाडि हुन्छन् । टेलिभिजन हेर्ने हामी धेरैलाई लाग्छ, टेलिभिजनमा काम गर्ने भनेका देखिने र बोल्ने मात्रै हुन् । तर पर्दा पछिल्तिरको वास्तविकता भने देखिँदैन । त्यहाँ धेरै श्रमजीवी पत्रकार रातदिन

खटिरहेका हुन्छन् । श्रमजीवी पत्रकार ऐन २०५१ को दफा २ (घ) को संशोधित परिभाषाले श्रमजीवी पत्रकार भनेर यी व्यक्तिहरूलाई अंकित गरेको छ :

> 'श्रमजीवी पत्रकार' भन्नाले सञ्चार प्रतिष्ठानमा व्यवस्थापकीय तथा प्रशासकीय अधिकार प्राप्त गरेको व्यक्तिबाहेक सञ्चारसम्बन्धी व्यवसाय वा सेवालाई प्रमुख व्यवसाय अपनाई पारिश्रमिक लिई सञ्चार प्रतिष्ठानमा पूर्ण वा आंशिक समय काम गर्छन् जसमा समाचार सामग्री संकलन, उत्पादन, सम्पादन र सम्प्रेषण गर्ने प्रधान सम्पादक, सम्पादक, संवाददाता र स्ट्रिंगर, समाचारवाचक, कार्यक्रम निर्देशक, अनुवादक, वेभ डिजाइनर, स्तम्भ लेखक, फोटो पत्रकार, प्रेस क्यामेरापर्सन, व्यंग्य चित्रकार, कार्यक्रम निर्माता वा सञ्चालक, दृश्य वा भाषा सम्पादकजस्ता पत्रकारिता पेसासँग सम्बन्धित व्यक्तिलाई जनाउँछ (उद्धृत ढुंगेल २०६८ : ४८-४९) ।

यसरी प्रतिष्ठानको व्यवस्थापकीय तथा प्रशासकीय अधिकारबाट टाढै रही सो प्रतिष्ठानमा आफ्नो श्रम र पसिना बगाएर गुजारा चलाउँदै आएका धेरै श्रमजीवी पत्रकारको अवस्था टेलिभिजनमा समेत दयनीय छ । यसो हुनुको प्रमुख कारण व्यवस्थापक तथा प्रशासकको कार्यशैली हो । सामान्यतः टेलिभिजन राजनीतिक र व्यापारिक लाभका लागि सञ्चालनमा आएका हुन्छन् (गौतम र पराजुली २०६५) । त्यसैले ती टेलिभिजन सञ्चालक राजनीतिक र व्यापारिक वर्गसँग सम्पर्क बढाउनतर्फ उन्मुख हुन्छन् । टेलिभिजन व्यवस्थापकको ध्यान पत्रकारितासम्बन्धी कानुन, नीति र नियमको पालना गर्नेभन्दा पनि सक्दो बढी नाफा कमाउनेतर्फ केन्द्रित हुनाले जनशक्तिप्रति कम बफादार हुन्छन् । फलस्वरूप श्रमजीवी पत्रकार भनिनेहरू कडा परिश्रम गर्न बाध्य हुन्छन् । उनीहरूले कामअनुरूपको मूल्य पाइरहेका हुँदैनन् । श्रमको मूल्यको कुरा मात्र नभएर अस्तित्व, आत्मसम्मान र सुरक्षाजस्ता जीवनका अति आधारभूत अधिकारबाट समेत श्रमजीवी पत्रकार वञ्चित छन् । उनीहरू आफ्नो सेवा, सुविधा र अधिकारप्रति भन्दा पनि मालिकले तोकेको सेवा, सुविधा र नियमभित्र आबद्ध हुन बाध्य छन् (अर्याल २०६७) ।

पत्रकार अर्थात् सञ्चारकर्मीको परिचय समाजमा जनताको आँखाबाट लुक्न सक्दैन । एभिन्यूजमा काम गरेलगत्तै म टेलिभिजन पत्रकार हुँ भनेर मैले समाजमा बताइरहनु परेन । टेलिभिजनको लोगो भएको क्यामेरा र बुमको साथमा फिल्ड जानु, रिपोर्टसँगै स्ट्यान्ड अप दिनु र टेलिभिजनमा बज्ने समाचारको दृश्यमा पत्रकारको रूपमा उपस्थित भएको देखिएपछि सर्वसाधारणले झ्वाट्ट चिन्छन् । टेलिभिजन पत्रकार आर्थिक रूपले पनि सम्पन्न हुन्छन् भन्ने धेरैको ठम्याइ हुन्छ । समाजको दृष्टिकोणमा आफूलाई सोअनुसार परिचालन गर्न

टेलिभिजन पत्रकारलाई निकै गाह्रो हुने गर्दछ । एभिन्यूज टेलिभिजनकै चर्चित कार्यक्रम *खबरभित्रको खबर*का प्रस्तोता सुमन गिरीले भन्ने गर्थे, "रेस्टुरेन्टमा गयो भने पनि महँगो रेट भएको मेनु ल्याइदिन्छन्, खल्ती भने रित्तै ।" यसले टेलिभिजन पत्रकारलाई आफ्नो स्तर कायम गर्न निकै जटिल छ भन्ने देखाउँछ । त्यसैले टेलिभिजन पत्रकारिता झट्ट हेर्दा आकर्षक देखिए पनि यसको भित्री रूप भने निराशाजनक लाग्दछ । विभिन्न पत्रपत्रिकाले समेत टेलिभिजन गृहभित्रको अवस्था सार्वजनिक गरेका छन् । प्रकाश सायमीले टेलिभिजनका सञ्चारकर्मीले महिनौँसम्म तलब नपाएको विषय फेसबुकमा राखिदिँदा प्रतिक्रिया दिनेको ताँती नै लागेको थियो । त्यतिखेर म आफैँ पनि एभिन्यूज टेलिभिजनमा कार्यरत थिएँ । त्यसबाट प्रभावित भएर पनि केही मित्रहरू प्रतिक्रिया दिन डराएका थिए । कतै माथिल्लो निकायकाले देख्लान् कि भन्ने डर थियो उनीहरूमा ।

## टेलिभिजनप्रति विकर्षण किन ?

### *व्यवस्थापकको शासकीय प्रवृत्ति*

आर्थिक र राजनीतिक लाभलाई लक्षित गरी नेपालमा तीव्र गतिमा निजी टेलिभिजन थपिएका हुन् । सीमित बजारमा आश्रित भएर धेरै टेलिभिजन खुलेका कारण त्यहाँ कार्यरत सञ्चारकर्मीको अवस्था निराशाजनक बनेको छ । टेलिभिजन व्यवस्थापकको ध्यान सत्यतथ्य सूचना प्रवाह गर्नेतर्फ भन्दा पनि प्रतिष्ठानलाई नाफा हुने गरी सञ्चालन गर्नेमा केन्द्रित छ । व्यवस्थापकको सम्बन्ध राजनीतिज्ञ र ठूला व्यापारीसँग हुने हुँदा नेपाली टेलिभिजनमा ती वर्गले आफ्नो हैकम जमाउन सफल हुँदै आइरहेका छन् । पत्रकारले यस्ता विषयबारे सामग्री तयार पार्दा बडो सोच्नुपर्ने भएको छ । क्यामेरापर्सन र संवाददाता नेताका बाइट (बोली) को पछिपछि दौडिरहेको दृश्यले नेपाली टेलिभिजनमा यो वर्गको प्रभाव कस्तो छ भन्ने स्पष्ट हुन्छ ।

नेपालको टेलिभिजन क्षेत्र प्रतिस्पर्धात्मक भएर पनि गुणस्तरीय हुन सकेको छैन । राजनीति र व्यापारमा केन्द्रित भएर टेलिभिजन सञ्चालन गर्नेहरूले पत्रकारिताको आचारसंहितालाई कमै ध्यान दिएका छन् । उनीहरूले आफ्ना सञ्चार गृहभित्र निर्माण गरेका नीति-नियमसमेत पत्रकारिताको हक, हित र मर्यादा विपरीत छन् । यस्तो परिवेशमा टेलिभिजन पत्रकारिता अँगालेका पत्रकार आफ्नो पेसाप्रति सन्तुष्ट हुन सक्दैनन् र पेसाबाट विमुख हुन थाल्दछन् ।

पत्रकार दुर्गा दुलाल, सुमन सापकोटा, अशु कोइराला र म आफैँ पनि यसैका उदाहरण हौँ ।

निजी टेलिभिजन संस्थामा मालिक अर्थात् शेयरधनीहरूकै मनोमानी भएको पाइन्छ । उनीहरू आफैँ प्रशासक आफैँ व्यवस्थापक भएर सञ्चारगृहभित्र मनोमानी हिसाबले श्रमजीवी पत्रकारलाई खटाउँछन् । पत्रकारिताको आचारसंहिता एवं दायित्व नबुझेका या बुझ पचाएका त्यस्ता व्यवस्थापकबाट सञ्चालित सञ्चार गृहभित्रको वातावरण कस्तो हुन्छ भनेर सजिलै आँकलन गर्न सकिन्छ । धेरैजसो टेलिभिजन प्रतिष्ठानमा काम गर्न पुग्ने पत्रकारलाई व्यवस्थापकले कामको भीख दिए सरहको व्यवहार गर्छन् । यस्तो हुनु भनेको व्यवस्थापक सचेत नहुनु हो । समयमै नियुक्तिपत्र नदिनु, तोकिएको मापदण्डअनुसार पारिश्रमिक नदिनु, पारिश्रमिक वितरण नियमित ढंगबाट नहुनु, आफूलाई चित्त नबुझे प्रतिष्ठानबाट हटाइदिनु, चाहिए फेरि भित्र्याउनु यसका उदाहरण हुन् । अलि बलिया तथा टाठाबाठाले सोझालाई पेल्ने चलन त सामान्यझैँ छ । त्यसमाथि सञ्चार गृहका व्यवस्थापकसमेत त्यस्ता व्यक्तिसँग प्रभावित हुन्छन् जो उनीहरूको चाकरी गर्न सिपालु छन् । असल तथा स्वाभिमानी पत्रकार कसैको पनि चाकरी गर्न चाहँदैनन् । ती पत्रकार सत्य र तथ्य समाचार जनमानसमा पुऱ्याउन सदैव तयार हुन्छन् । तर यसमा बाधक बन्छन् ती व्यक्तिहरू जो मालिकद्वारा पुलपुलिएका हुन्छन् । आफ्नो श्रम होइन स्वाभिमान बेचेर, विश्वास बेचेर टिकेका यस्ता केही सञ्चारकर्मी भनाउँदाहरूको मिलेमतोमा सञ्चारगृहका मालिक भनिनेहरू असल एवं स्वाभिमानी पत्रकारको भविष्यमाथि खेलवाड गर्न तम्तयार भइरहन्छन् । यो संस्कार जबसम्म रहन्छ तबसम्म ती स्वाभिमानी पत्रकारको श्रमको उचित मूल्यांकन हुन सक्दैन ।

## *पेसागत असुरक्षा*

व्यवस्थापन उपर कुनै पनि पत्रकारले कलम चलाए उसलाई तुरुन्तै निष्कासन गरिएका धेरै खबर छन् । गतवर्ष मात्र एभिन्यूज टेलिभिजनमा डेस्क सम्पादकको रूपमा कार्यरत पत्रकार नारायण अर्याललाई श्रमजीवी पत्रकारको पक्षमा लेखेर टेलिभिजन सञ्चालकको कमजोरी औँल्याएकै कारण प्रतिष्ठानबाट राजीनामा दिनुपर्ने अवस्था आइलाग्यो । सरकारद्वारा गठित न्यूनतम पारिश्रमिक निर्धारण समिति (न्यूपानिस) ले सार्वजनिक गरेको प्रतिवेदनलाई लिएर श्रमजीवी पत्रकारको अवस्थामा अझै सुधार हुन नसकेको कुरालाई उल्लेख गर्दै 'मालिक भक्ति

पत्रकारिता' भनेर पत्रकारहरू आफ्नो हक र अधिकारभन्दा जागिरप्रति बफादार भएको टिप्पणी गरेका थिए । उनको यो लेख छापिए लगत्तै अर्यालले राजीनामा दिएका हुन् । उनी आफैँ भन्छन्- "त्यो लेख छापिएपछि गलत प्रतिक्रिया हुन थाल्यो जसले गर्दा मलाई त्यहाँ काम गर्ने वातावरण नै भएन त्यसैले आफैँले राजीनामा दिएको हुँ ।"[२] जेहोस् उनी आफैँले राजीनामा दिएको हो भने तापनि राजीनामा दिनुपर्ने अवस्था व्यवस्थापकले नै सिर्जना गरिदिएको हो भनेर सजिलै भन्न सकिन्छ । यस्ता अरू उदाहरण पनि छन् । अझ नयाँ प्रवेशी पत्रकारमाथि त यस्ता घटना प्रायः भइरहन्छन् । यसै गरी सोही टेलिभिजनमै कार्यरत संवाददाता एवं समाचार वाचक कोपिला अधिकारीलाई पनि बिदाको विषयमा कुरा नमिलेपछि राजीनामा दिन बाध्य पारिएको थियो । तर उनी आफ्नो कार्यकालमा सन्तुष्ट थिइन् । एभिन्यूज टेलिभिजनमा आएर आफ्नो रहर र उद्देश्य पूरा गर्ने अवसर पाएको बताउने उनी त्यही टेलिभिजनबाट राजीनामा दिन बाध्य भइन् ।[३]

कानुनी प्रावधानअनुसार नियुक्तिपत्र दिइएका कुनै पनि श्रमजीवी पत्रकारलाई तोकिएको अवधिभित्रमा स-साना कारण देखाएर निष्कासन गर्न पाइँदैन । तर निजी टेलिभिजनमा यो नियम लागू भएको छैन । नियुक्तिपत्र होस् या नहोस् आफूलाई चित्त नबुझेपछि प्रतिष्ठानबाट हटाइहाल्ने उनीहरूको नियत त्यति मानवीय लाग्दैन । एभिन्यूज टेलिभिजनमै हाल कार्यरत एक साथीबाट थाहा भएअनुसार सो टेलिभिजनमा कर्मचारी कटौती गरेर तलब वितरणमा नियमितता ल्याउन थालेको बुझियो । यस्तै प्रक्रिया अपनाएर सो टेलिभिजन व्यवस्थापकले फेरि पनि पत्रकारको भविष्यमाथि खेलबाड गर्न थालेको हो कि भन्ने आशंका गर्न सकिन्छ ।

## *नियुक्तिपत्रमा ढिलासुस्ती*

नियुक्तिपत्र एउटा त्यस्तो आधार हो, जसले काम दिने-लिनेबीच कानुनी समन्वय स्थापित गर्दछ । र यसले श्रमको व्यवसायीकरणलाई बाँध्ने गर्दछ जसले गर्दा दुवै पक्ष भावी दिनमा हुन सक्ने अविश्वास एवं समस्याबाट बच्न सक्छन् । यसले श्रमजीवीलाई आफू कति सुरक्षित छु भन्ने आभास दिलाउँछ । त्यसैले कुनै पनि प्रतिष्ठानमा कामदारको रूपमा प्रवेश गरिसकेपछि नियुक्तिपत्र प्राप्त गर्नु जस्री

---

[२] अर्यालसँग २०६८ पुस २४ मा गरिएको कुराकानी ।

[३] अधिकारीसँग २०६८ माघ २२ मा गरिएको कुराकानी ।

हुन्छ । र, नियुक्तिपत्र लिनु कुनै पनि श्रमजीवीको सामाजिक तथा आर्थिक सुरक्षाका लागि कानुनले नै अनिवार्य गराएको अधिकारको कुरा हो । तर नेपाली टेलिभिजन प्रतिष्ठान नियुक्तिपत्र दिने प्रवृत्ति देखिँदैन । भनसुनका भरमा काम लिने-दिने कार्यशैलीले गर्दा नियुक्तिपत्र ओझेलमा परेको छ ।

नियुक्तिपत्रसँगै पत्रकारलाई अन्य सुविधा पनि उपलब्ध गराउनुपर्ने हुँदा व्यवस्थापकहरू हतपत नियुक्तिपत्र दिन मान्दैनन् । मैले नियुक्तिपत्रका लागि झन्नै दुई महिना पर्खनु परेको थियो । तर अरूको तुलनामा मलाई नियुक्तिपत्र निकै चाँडो दिइएको हो । नियुक्तिपत्र नभएकै कारण अघिल्लो दुई महिनाको पारिश्रमिक भुक्तानीमा निकै झन्झट बेहोर्नु परेको थियो । म सँगै काम गर्न आएका मित्र सुरज खड्काले पनि नियुक्तिपत्र पाउनुअघिको पारिश्रमिक नपाएको बताउँछन् ।[४] उनी यसमा व्यवस्थापकले नभएर एकाउन्टेन्टले लापरवाही गरेको हुन सक्ने आशंका गर्छन् । जेहोस् यसप्रति व्यवस्थापकले ध्यान दिनुपर्ने हो । यो कुराकानी हुँदासम्म उनले त्यहाँ काम गरेको दुई वर्ष पुग्न थालिसकेको थियो । म भन्दा केही दिनअघि आएका एक जना क्यामेरापर्सन राजीव (नाम परिवर्तन) ले नियुक्तिपत्रका लागि छ महिना पर्खनुपरेको थियो । यसप्रति उनको कुनै गुनासो थिएन । जागिर पाउनु नै ठूलो कुरा थियो उनका लागि । अन्य टेलिभिजनका केही पत्रकार मित्रहरूसँग कुरा गर्दा प्रायः निजी टेलिभिजनमा नियुक्तिपत्र वितरणको अवस्था उस्तै हुन्छ । यसलाई सकेसम्म नियुक्तिपत्र ढिला दिएर त्यसभन्दा अगाडि सित्तैमा काम लगाउने प्रवृत्ति हो कि भन्न सकिन्छ ।

नियुक्तिपत्र नपाउने पत्रकार सामान्य सेवा-सुविधा उपभोग गर्नबाट पनि वञ्चित हुन्छ । श्रमजीवी पत्रकार ऐनअनुसार कार्यरतमध्ये ८५ प्रतिशतलाई स्थायी नियुक्तिपत्र दिइनुपर्ने प्रावधान भए तापनि टेलिभिजन व्यवस्थापकहरूले यो मापदण्डअनुसार नियुक्तिपत्र वितरण गरेको पाइँदैन (ढुंगेल २०६८) । न्यूपानिसले देखाएको पछिल्लो तथ्यांकअनुसार टेलिभिजनमा जम्मा १८ प्रतिशत श्रमजीवी पत्रकारले मात्र स्थायी नियुक्तिपत्र पाएको बताएका छन् (ढुंगेल २०६८ : ७१) । यो तथ्यांकले टेलिभिजन व्यवस्थापकको नियत ऐन विपरीत भएको देखाउँद छ ।

## *तलब कम दिइनु*

कुनै पनि श्रमिकले श्रम गरेबापत पाउने मूल्य पारिश्रमिक हो । श्रमजीवी पत्रकारलाई दिइने पारिश्रमिकको निर्धारण र वितरण दुवैमा व्यवस्थापकको हात

---

[४] खड्कासँग २०६८ पुस २४ मा गरिएको कुराकानी ।

हुन्छ । नेपाली टेलिभिजनमा कार्यरत पत्रकारलाई न्यूनतम पारिश्रमिक निर्धारण समितिले पछिल्लोपटक न्यूनतम पारिश्रमिक १० हजार ८०० रूपैयाँ तोकेको छ । तर यो मापदण्डभन्दा पनि कम पारिश्रमिक दिएर काम गराइरहेको अवस्था अझै पनि छ । सुरुमा डेस्कमा राखिए तापनि डेस्क सम्पादकलाई दिइने तलबको अनुपातमा मलाई दिइएको तलब अत्यन्तै न्यून थियो । तर आफू नयाँ र सिकारु भएकै कारण न्यून पारिश्रमिकमै चित्त बुझाउनु मेरो बाध्यता थियो ।

पारिश्रमिक कम दिएर काममा बढी खटाउने व्यवस्थापकको प्रवृत्तिले केही श्रमजीवी पत्रकारहरू आर्थिक समस्याको मारमा परी मानसिक तनाव भोगिरहेका छन् । बढ्दो महँगीको तुलनामा कतिपय श्रमजीवी पत्रकारले पाउने तलब अत्यन्तै न्यून रहेको छ । आर्थिक अभावकै कारण कतिपय पत्रकार घर खर्च टार्नका लागि अर्को पत्रकार मित्रसँग सापटी लिने र सो रकम फिर्ता नै नगरी काम छोडेर अन्त जाने गरेको घटना पनि छन् । यो समस्या म आफैँले पनि भोगेकी छु र केही मेरा मित्रले पनि भोगेका छन् । आकासिँदो महँगीलाई हेर्ने हो भने न्यूपानिसले निर्धारण गरेको पारिश्रमिकले पनि आधारभूत आवश्यकता पूर्ति गर्न धौधौ हुन्छ । आधारभूत आवश्यकता पूरा गर्न सकिने मापदण्डका आधारमा पारिश्रमिक पाउने हो भने सायद आर्थिक अभावकै कारण मानसिक तनाव झेल्नुपर्ने थिएन । तर बाहिरबाट निकै सम्पन्न मानिने पत्रकार बिहान बेलुकाको छाक टार्नसमेत नसकेर मानसिक तनावमा हुन्छन् । न्यूपानिसले तोकेको स्केलभन्दा कम तलब दिने टेलिभिजन सञ्चालकलाई कारबाही गर्ने भनिए तापनि व्यवस्थापक मनोमानी ढंगले तलब दिन्छन् । अझै पनि टेलिभिजन क्षेत्रमा झन्नै १३ प्रतिशत श्रमजीवी पत्रकार न्यूपानिसले तोकेकोभन्दा कम स्केलमा काम गर्न बाध्य छन् (ढुंगेल २०६८ : ७२) ।

## *पारिश्रमिक नियमित नदिनु*

नियमित रूपमा पारिश्रमिक नपाउने टेलिभिजन पत्रकारको संख्या पनि धेरै नै छ । अरूको अधिकारका विषयमा बोल्ने टेलिभिजनका श्रमजीवी पत्रकार भने आफूले महिनौँसम्म तलब नपाउँदा पनि चुपचाप सहेर बस्ने गरेको अवस्था छ । अन्तर्क्रियामा पत्रकार दुलालले "आफूले एक महिनाको तलबका लागि चार महिना पर्खनु परेको" तीतो अनुभव सुनाएका थिए । यो लेख लेख्दै गर्दा एभिन्यूज टेलिभिजनमै कार्यरत एक जना मित्रको फोन आयो । लेखसँग सम्बन्धित आधार खोज्न हालको अवस्था कस्तो छ भनेर सोधेँ । उनले भने, "कस्तो हुनु उस्तै हो । तीन महिना भइसक्यो तलब नपाएको । पैसा भए पो काम गर्न पनि जाँगर

लाग्छ ।" यसो सुनिरहँदा मैले आफ्नो विगत सम्झेँ । म आफैँ पनि टेलिभिजनमा कार्यरत हुँदा चारदेखि पाँच महिनासम्म पारिश्रमिकको पर्खाइमा हुन्थे । आफ्नो तलब लिनका लागि एकाउन्टेन्टको ढोका ढक्ढक्याउनु पर्दाको तीतो अनुभव जस्ताको तस्तै छ । यो अवस्थामा पनि धेरै पत्रकार टिकिरहेका छन् । उनीहरूमध्ये जीविकोपार्जनका अरू विकल्प नभएका धेरै छन् भने केही धेरै विकल्प हुनेहरू छन् । जसमध्ये व्यापार-व्यवसाय भएका र अन्य ठाउँमा रोजगारी भएकाहरू पर्दछन् । कोही भने टेलिभिजन पत्रकारिता नै सबथोक भन्नेहरू यो क्षेत्रमा टिकिरहेका छन् । नियमित रूपमा पारिश्रमिक नपाए वा आफूमाथि शोषण भए त्यसविरूद्ध लड्ने अधिकार हुन्छ । तर काम नपाइएला अर्थात् निष्कासित भइएला कि भन्ने डरले कतिपय पत्रकारले टेलिभिजन सञ्चालकविरूद्ध मुद्दा हाल्न सकिरहेका छैनन् । यसले झन् शोषित हुने वातावरण निर्माण गरिएको छ ।

टेलिभिजन क्षेत्रमा झन्नै ३३ प्रतिशत श्रमजीवी पत्रकारले नियमित रूपमा पारिश्रमिक नपाएको न्यूपानिसको पछिल्लो तथ्यांकले देखाउँछ (ढुंगेल २०६८ : ५६) । तर हरेक टेलिभिजनभित्र बुझ्दै जाने हो भने नियमित रूपमा तलब नपाउनेको संख्या अझ बढी हुने देखिन्छ । एक महिनाको तलबका लागि झन्नै चार-पाँच महिना कुर्नुपर्ने अवस्थामा पत्रकारले कसरी चलाएका छन् आफ्नो खर्च ? बाहिर निकै कमाउने जस्तो देखिएका पत्रकार घरभाडा तिर्न नसकेर धुरूक्कै भएका हुन्छन् । अझ परिवार पाल्नुपर्ने पत्रकारको हालत त झनै दयनीय हुन्छ । एक जना पत्रकार मित्र राजन (नाम परिवर्तन) को निकै सम्झना आउँछ । कुनै दिन उनी झन्नै धुरूक्कै रोएका थिए । महिलाहरूको महान् पर्व तीज नजिकिँदै थियो । तलब नपाएको पनि झन्नै तीन महिना बढी बितिसकेको थियो । सोही क्रममा टेलिभिजन प्रतिष्ठानका व्यवस्थापक टीमकी एउटी महिलाले टेलिभिजनका महिला सञ्चारकर्मीलाई दर खुवाउने योजना बनाइन् । सोहीअनुरूप पत्रकारले तलब नपाएको कुरालाई वास्तै नगरी पुरूष सञ्चारकर्मीसँग विभिन्न दरमा 'अनिवार्य' रकम उठाउन सुरु गरिन् । कतिपय पुरूष पत्रकार मित्रको खल्तीबाट पचास रूपैयाँ निस्कन पनि मुस्किल भयो । उनीहरू भन्थे, "तलब पाए पो पैसा हुनु ।" यहाँसम्म कि राजनले गाडी भाडा भनेर बोकेको बीस रूपैयाँ पनि झार्न लगाइयो । पछि उनले अँध्यारो मुख लगाएर अर्को एक जना मित्रसँग बीस रूपैयाँ मागेर घर फर्केका थिए । मेरा लागि त्यो घटना निकै तीतो अनुभव थियो ।

### आधारभूत सेवा सुविधाबाट वञ्चित

श्रमजीवी पत्रकार ऐनबमोजिम आधारभूत सेवा सुविधा दिन टेलिभिजनका व्यवस्थापकले जहिले पनि कञ्जुस्याइँ गरेको पाइन्छ । बिदा, कल्याणकारी कोष, अशक्तवृत्ति, उपदान, सञ्चयकोष, औषधिउपचार खर्च, ओभरटाइम पारिश्रमिकजस्ता सुविधा उपभोग गर्नबाट धेरै पत्रकार वञ्चित छन् । अन्तर्क्रियामा उनै सम्पादक टीकाराम यात्री समेतले भने, "बिदाको मामिलामा टेलिभिजनमा अत्यन्तै गाह्रो छ । बिदा बस्नुपर्‍यो भने आफ्नो सट्टामा कसैलाई राखेर मात्र बिदा पाइन्छ । आज म एक जना मित्रको सट्टामा छु । उसले आज बिहानदेखि रातिसम्म सत्र घण्टा काम गर्नुपर्ने हुन्छ ।" यस्तो अवस्थामा पत्रकारले सजिलै बिदा पाउने सम्भावना एकदमै न्यून रहन्छ । सट्टामा बस्ने साथी पाए त भयो नपाए के गर्ने ? टेलिभिजनमा कार्यरत रहेको बेला सामाजिक समावेशीकरण अनुसन्धान कोष, एसएनभी नेपालद्वारा आयोजित कार्यक्रमअन्तर्गत मुस्ताङ जिल्लाको कुञ्जो गाविसमा अपांग भएका व्यक्तिहरूको सामाजिक एवं आर्थिक अवस्थामा अध्ययन गर्ने अवसर पाएकी थिएँ । जुन कामका लागि तत्काल कार्यरत संस्थाबाट 'नो अब्जेक्सन लेटर' लिनुपर्थ्यो । र, त्यो चिठी सजिलै प्राप्त गरेँ । तर बिदा लिने क्रममा भने निकै झन्झट भयो । बेतलबी बिदाका लागि समाचार प्रमुखको सिफारिसपत्र लिएर प्रशासन प्रमुखलाई निवेदन पेस गरेँ । निकै लामो आनाकानीपछि मात्र मैले बिदा पाएँ ।

बिदा सकेर फर्कंदा मैले केही अप्ठेरो परिस्थितिको सामना गर्नुपर्‍यो । मलाई बिदाको सिफारिस गरिदिने समाचार प्रमुख राजी हुनुको कारण खोतल्न थालियो रे । यस्तो हुनु भनेको कसैको चरित्रमाथि जबर्जस्ती प्रश्नचिह्न ठड्याउनु थियो । मलाई बिदाको सिफारिस गरिदिएकै कारण आफूले कार्यकारी निर्देशकको हप्की खानु परेको कुरा समाचार प्रमुखले मसँग झोक्किँदै सुनाए । मेरो गुनासो थियो, बिदा लिएपछि यस्तो प्रश्न उठ्ने हो भने 'नो अब्जेक्सन लेटर' केका लागि दियो प्रशासनले ? तर यसको जवाफ उनीहरूसँग थिएन । बेतलबी बिदा बसेकै कारण मलाई दिने अरू महिनाको पारिश्रमिक पनि समयमा दिइएन । यहाँसम्म कि मेरो घरमा एउटा दुर्घटना भयो । त्यो दुर्घटनाको समयमा समेत आफ्नै तलब पाउन सकिनँ । कुरा के थियो भने अफिसमा बिहानै आठ बजे अनिवार्य उपस्थित हुनुपर्ने भनेर एउटा मिटिङ राखियो । छोरीलाई सधैँ स्कूल बसमा चढाएर अफिस जाने म, त्यसदिन मिटिङकै कारणले गर्दा मेरा आफन्त (जो साठी वर्षको हुनुहुन्छ) लाई छोरी पुर्‍याउने जिम्मा लगाएर हिँडेँ । तर छोरी लिएर जाने क्रममा बाटोमा मोटरसाइकल दुर्घटनामा पर्नु भएछ । उहाँको कुर्कुच्चोको

नसा नै काटिएछ त्यसैले जतिसक्दो चाँडो हस्पिटल भर्ना गर्नुपर्ने भयो । मेरो आर्थिक अवस्था कमजोर थियो त्यसमा पनि चार महिना भइसकेको थियो तलब नलिएको । एकातिर आफन्तको खुट्टाको नसा नजोडिएला भन्ने डर अर्कोतिर पैसा नभएको चिन्ता । प्रशासन प्रमुखसँग बिन्ती गरेर आफ्नो तलबको केही रकम मिलाइदिन आग्रह गरेँ । मन थाम्न नसकेर रोएँ पनि । तर कुनै सुनुवाइ भएन । आश्वासन त दिएका थिए तर न तलब मिल्यो न बिरामीलाई कुर्ने बिदा । बिदाको कुरा गर्दा समाचार प्रमुख र प्रशासनले उही पुरानो कुरा दोहोऱ्याए कि मैले पहिल्यै एक महिना बेतलबी बिदा लिइसकेँ भनेर । त्यतिबेला मलाई यस्तो लाग्यो कि संवेदनाहीन यस्ता मान्छेहरू पनि पत्रकारितामा हुँदा रहेछन् । आखिर आफ्नै तलबको एक पैसा पनि यस्तो आपत्को बेला चलाउन सकिनँ । आफ्नो भविष्य सुन्दर देख्न खोजेको टेलिभिजन क्षेत्र अँध्यारो र उराठलाग्दो लाग्यो । पटक्कै अडिन सकिनँ । र, चुपचाप राजीनामा लेखिदिएँ । काम छोडेको निकै समयपछि मात्र मैले तीन महिनाको पारिश्रमिक बुझेँ । तर एक महिनाको अझै बाँकी नै छ । मेरो नाममा लिइएका दुइटा मिनी टेप (क्यासेट) आर्काइभमा नभेटिएको भन्दै सो पारिश्रमिक रोकिदिएका हुन् ।

बिदाबाहेक कल्याणकारीकोष, अशक्तवृत्ति, उपदान, सञ्चयकोष, औषधिउपचार खर्च जस्ता सुविधाका लागि अत्यन्तै झन्झट लिनुपर्ने पत्रकारको गुनासो छ । ती झन्झटले गर्दा उनीहरू बरु सुविधा नै नलिने गरेको बताउँछन् । एभिन्यूज टेलिभिजनबाट हिमालय टेलिभिजनमा पुगेका डेस्क सम्पादक नारायण अर्याल पनि टेलिभिजन सुरुमा नयाँ पत्रकारका लागि आकर्षणको केन्द्र भए तापनि त्यसभित्रको आन्तरिक सेवासुविधा सोअनुरूप हुन नसकेको स्वीकार्छन् । उनको अनुभवमा पुराना, पहुँचवाला र माथिल्लो स्तरका पत्रकारले मात्र आवश्यक सेवा-सुविधा उपभोग गर्दैआएका छन् । अन्य पत्रकार भने यो सुविधाबाट वञ्चित छन् ।[५] त्यसो त छापा सञ्चारमाध्यमको तुलनामा टेलिभिजनमा लागेका पत्रकार शारीरिक र मानसिक रूपले बढी तनावमा देखिन्छन् । विशेष गरी हरेक घण्टा समाचार प्रसारण गरिने टेलिभिजनमा पत्रकारहरू बढी खट्नुपर्ने बाध्यता हुन्छ ।

एउटा समाचारका लागि शब्द, दृश्य र आवाजको संयोजन प्रक्रिया पूरा हुन अपरिहार्य हुन्छ । त्यो पूरा नभएसम्म संकलन गरिएको सूचना पूर्ण समाचार बन्न सक्दैन । त्यसका लागि पर्याप्त श्रम र समय चाहिन्छ । पर्याप्त समय र श्रमलाई ध्यानमा राखी अतिरिक्त समय काम गरेबापत अतिरिक्त भुक्तानी गरिनुपर्ने कानुनी

---

[५] अर्यालसँग २०६८ पुस २४ मा गरिएको कुराकानी ।

प्रावधान रहे पनि नेपाली टेलिभिजनमा यसको कार्यान्वयन गर्ने संस्कार बसिसकेको छैन । जसका कारण बढी समय खर्च गरेर गुणस्तरीय र सचेतनामूलक समाचार एवं कार्यक्रम उत्पादन गर्न चाहने पत्रकार आफैँ नै हरेस खाने गर्दछन् । मैले त्यतिबेला फिल्डबाट फर्किसकेर *दुनियाँको खबर* (अन्तर्राष्ट्रिय खबर) कार्यक्रममा बज्ने लामालामा रिपोर्टमा आवाज दिनुपर्थ्यो । राति बज्ने कार्यक्रम भएकाले रिपोर्ट पनि ढिला नै बन्थे । जसले गर्दा काम गर्ने समय सकेर पनि झन्नै एक घण्टा बढी समय बस्न बाध्य हुन्थेँ । बढी समय र श्रम खर्चेबापत कुनै सुविधा नै थिएन ।

### *समाचार कक्षभित्रको वातावरण*

सम्पादकीय मण्डल कुनै पनि सञ्चार गृहको मुटु हो जसका आधारमा एउटा सञ्चार गृहको अस्तित्व बाँचेको हुन्छ । सूचना संकलन र सम्प्रेषण गर्नका लागि हरेक किसिमको भूमिका सम्पादकीय टीमले नै निर्वाह गरेको हुन्छ । सही सूचना सम्प्रेषित हुनका लागि सम्पादक मण्डलमा व्यवस्थापकको हस्तक्षेप हुनु हुँदैन भनिए तापनि नेपाली टेलिभिजनको सम्पादकीय मण्डल यसबाट अछुतो रहन सकेको छैन । चाहनाअनुसार व्यवस्थापकको समाचार उत्पादन संयन्त्र चलेको देखिन्छ जसले गर्दा सम्पादकीय मण्डलभित्रको वातावरण प्रतिकूल हुने गर्दछ । जस्तै : व्यवस्थापकले पत्रकारको हक र हितलाई वास्ता नगरी राजनीतिक र व्यापारिक स्वार्थमा न्यूजरूमलाई हाँक्न खोज्छन् । व्यवस्थापक नै असल र नैतिकवान् भए त्यसभन्दा मुनि बसेर टेलिभिजनलाई सजीवता दिने सम्पादकीय मण्डल पनि अनुशासित र जिम्मेवार भएर अगाडि बढ्न सक्छ । तर यस्तो हुन सकिरहेको छैन । फलस्वरूप व्यवस्थापक गतिलो भए पो हामी पनि त्यहीअनुसार चल्ने भन्ने खालको मनोभाव सम्पादकीय मण्डलमा जागृत भएको महसुस पनि गर्न सकिन्छ । यहाँसम्म कि मादक पदार्थ सेवन गरेर होटेलको टेबुल ठटाउँदै, 'म फलाना सञ्चार गृहको समाचार प्रमुख हुँ मैले जे भन्यो त्यही हुन्छ' भनेर चिच्याउने पत्रकार पनि छन् । त्यतिबेलाकै एक जना महिला पत्रकार मित्रले आफ्नो प्रतिष्ठानका समाचार प्रमुखलाई त्यस्तै हालतमा होटेलमा भेटेको घटनालाई अचम्म मान्दै सुनाएकी थिइन् । त्यस्ता समाचार प्रमुखको निर्देशनमा चलेको सम्पादक मण्डलको संस्कृति कस्तो हुन्छ त ? तर यस्तै व्यक्तिको पहुँच बढी हुन्छ र उसैको हैकम बढी चल्छ । र यी व्यक्तिहरू सञ्चार गृहबाट न हटाइन्छन् न उसलाई सुधार्ने प्रयास नै गरिन्छ । सानालाई तह लगाउन ठूलाहरू आफैँ नै परिवर्तन हुनुपर्दछ भन्ने उक्ति जस्तै तल्लो निकायलाई सुधार्नका लागि

माथिल्लो निकाय सुध्रिनु आवश्यक हुन्छ । व्यवस्थापक आफू नसुध्रिँदा ऊद्वारा सञ्चालित सम्पादकीय मण्डल आफैँमा अपूर्ण हुनु स्वाभाविकै हो । यसै गरी समाचार प्रमुख भनेर माथिल्लो पदमा बसेको व्यक्तिले कार्यकक्षको वातावरण सुमधुर बनाउनु उसको कर्तव्य पनि हो । सम्पादकीय मण्डल हाँक्ने पहिलो हात उसैको हो । त्यसैले ऊ अनुशासित र कर्तव्यवान् हुनु जरूरी छ । यसले अरू पत्रकारलाई राम्रो सन्देश दिने गर्दछ ।

## *सुमधुर सम्बन्धको अभाव*

छापा तथा रेडियो जस्ता सञ्चारमाध्यममा लामो समय काम गरेको अनुभव सँगालेकी पत्रकार रमा पराजुलीले कुनै पनि सञ्चारमाध्यम राम्ररी चल्नका लागि न्यूजरूमको संस्कृतिलाई नै बढी जोड दिएकी छिन् । उनका अनुसार न्यूजरूमको संस्कृति भन्नाले कुनै समाचारलाई विश्वासिलो र वस्तुपरक कसरी बनाउन सकिन्छ भन्ने कुरा निर्धारित भएको सम्पादकीय नीति र प्रक्रिया हो (पराजुली २०६५) । यसका लागि सम्पादकीय मण्डलभित्र परस्पर समन्वय हुनु जरूरी हुन्छ । परस्पर समन्वयको अभाव सम्पादकीय मण्डलभित्रको प्रमुख कमजोरी हो । समन्वयको अभावले काम गर्ने प्रक्रियामाथि नै असर गर्दछ । यसले समाचारलाई बलियो बनाउन त सक्दैन नै सशक्त पत्रकार उत्पादन गर्न पनि सक्दैन । र, यसले जोश र जाँगरसाथ पत्रकार बन्ने सपना देखेका नयाँ पुस्तालाई निष्क्रिय पारिदिन्छ ।

टेलिभिजनमा सम्पादक, संवाददातालाई समाचार संकलनमा खटाउने टीमबीचको प्रतिकूल सम्बन्धले एकअर्कालाई निरूत्साहित गर्ने गरेका छन् । एक अर्कामा कोभन्दा को कम जस्तो अहं भावनाले गर्दा आत्मसम्मान माथि ठेस पुग्ने गरेको देख्न सकिन्छ । जस्तै : आफूलाई अनुभवको आधारमा माथिल्लो श्रेणीमा राख्न रूचाउने सम्पादकले फिल्डमा उत्रने संवाददातालाई हेर्ने दृष्टिकोण नै फरक छ । संवाददाताले लेखेर ल्याएको समाचारलाई सम्पादन गर्दा सिकाउने भन्दा पनि बढी आलोचना गर्ने प्रवृत्ति कतिपय सम्पादकमा देखिन्छ । यसै गरी कतिपय संवाददाताले पनि सम्पादकलाई गर्ने व्यवहार त्यति सम्मानजनक देखिँदैन । उनीहरू आफ्नो कमजोरी हत्तपत्त स्वीकार्न तयार हुँदैनन् । यी विविध समस्याले गर्दा कुनै कुनै बेला सम्पादक र संवाददाताबीच मनमुटावसमेत सिर्जना हुने गर्दछ । जसले गर्दा पेसाप्रति नै वितृष्णा पैदा हुने प्रचुर सम्भावना हुन्छ ।

कतिपय पत्रकारको व्यवस्थापकसँगको सम्बन्धका कारण पनि अन्य पत्रकार प्रभावित हुने गरेका छन् । त्यस्ता पत्रकारहरू प्रायः राजनीतिक पृष्ठभूमिबाट

आएका हुन्छन् र उनीहरूलाई न्यूजरूम नै नेतृत्व गर्ने मौका दिइएको हुन्छ । ती पत्रकारले अन्य पत्रकारलाई बेवास्ता गरेको पाइन्छ । उनीहरूका विषयवस्तुलाई वास्ता नै नगरी राजनीतिक, आर्थिक एवं व्यक्तिगत स्वार्थमा संवाददातालाई जहाँ पायो त्यही रिपोर्टिङका लागि पठाइदिने व्यवहार निकै शासकीय लाग्दछ । यस्तो समस्यामा विशेष गरी नयाँ र उनीहरूकै भनसुनको आधारमा जागिर खाएका संवाददाता पर्दछन् ।

प्रायः रूखो र कडा स्वभावका देखिने पूर्वप्रधान सेनापति रूक्मांगद कटवालले २०६७ सालको तिहारमा देउसी-भैलो खेलेको विषयलाई लिएर मैले एउटा मनोरञ्जनात्मक रिपोर्ट बनाएँ । त्यो रिपोर्ट प्रसारित भएलगत्तै टेलिभिजनको इन्पुटमा खटिएका पत्रकारले मलाई फोन गरेर भने, "किन बनाउनुभएको त्यो रिपोर्ट ? ती त राजावादी हुँदै छन् ।" फोन गर्ने पत्रकार माओवादी पार्टीका हुन् भन्ने मलाई प्रस्ट थाहा थियो । यस्तै एक दिन एक जना डेस्क सम्पादकले मलाई समाचार संकलनका लागि बार एसोसियसनमा पठाए । हतार-हतार त्यहाँ पुग्दा त्यहाँ खासै केही विशेष कार्यक्रम भएको थिएन । खालि दुई-तीन जना विदेशी युवतीले आफ्नो संस्थाले महिला अधिकारको क्षेत्रमा अनुसन्धान गर्न थालेको जानकारी दिइरहेका थिए । उनीहरूसँगै आठ नौ जनाबाहेक अरू मान्छे थिएनन् । कार्यक्रम खासै महत्त्वपूर्ण नभएकाले त्यहाँ आएका केही पत्रकार तुरुन्तै फर्किए । विशेष समाचार ल्याउने गरी डेस्क सम्पादकले मलाई त्यहाँ पठाएका थिए तर मैले समाचार ल्याउन सकिनँ । फर्किसकेपछि उनले जसरी हुन्छ त्यो समाचार बनाउनैपर्ने ढिपी कसे । पछि थाहा पाएँ उक्त संस्थासँग उनकी श्रीमती पनि सम्बन्धित रहिछन् ।

व्यवस्थापकसँग सम्बन्धित राजनीतिक पहुँच भएका पत्रकार नै अन्य पत्रकारको विषयमा नकारात्मक टीकाटिप्पणी व्यवस्थापकसम्म पुऱ्याउने माध्यम बनेका हुन्छन् । यस्ता व्यक्तिको मिलेमतोमै कामको जिम्मेवारीको बाँडफाँड हुने, पद बढुवा गरिदिने, अर्थात् कसैलाई जिम्मेवारीपूर्वक काम गरिरहँदा पनि पदबाट निष्कासन गरिदिने जस्ता निर्णय भइरहन्छन् । बारम्बार गोप्य मिटिङ बसी डेस्क सम्पादकलाई संवाददाता बनाइनु, संवाददातालाई डेस्कमा पुऱ्याइनु, जिल्लाकालाई उपत्यका र उपत्यकालाई जिल्लामा पुऱ्याइनु पनि यसका उदाहरण हुन् । यसबाट नयाँ आउने सञ्चारकर्मी बढी प्रभावित भएको पाइन्छ । यति मात्र नभएर संवाददाताले दृश्य सम्पादक र क्यामेरापर्सनसँग पनि सम्बन्ध सुमधुर बनाउन जरूरी हुन्छ । दृश्य सम्पादक र क्यामेरापर्सनलाई खुसी पार्न नसकिए कतिपय अवस्थामा संवाददाताले समस्या भोग्नुपर्छ । जस्तै : क्यामेरापर्सनले आवश्यक

दृश्य नखिचिदिने, दृश्य सम्पादकले भनेजस्तो दृश्य सम्पादन नगरिदिने जस्ता समस्याले ऊ सताइन सक्छ । टेलिभिजन पत्रकारितामा यी सबै कुराको बराबर अर्थ रहन्छ ।

## *कमजोर व्यवस्थापन*

श्रव्य र दृश्य दुवैको संयोजनले सञ्चारको सशक्त माध्यम बनेको टेलिभिजनको प्राविधिक पक्ष एकदमै सम्पन्न हुन जरूरी छ । मैले काम गर्दा टेलिभिजनको अवस्था त्यति सम्पन्न थिएन । दृश्यको अभावमा कुनै पनि समाचार जतिसुकै महत्त्वपूर्ण र समसामयिक किन नहोस् त्यसले टेलिभिजनमा स्थान पाउन सक्दैन । त्यसैले दृश्य संकलनका लागि राम्रो ब्रान्डका क्यामेरा पर्याप्त हुन जरूरी हुन्छ । क्यामेराको अभावले व्यवस्थापकलाई नभएर फिल्डमा जाने पत्रकारलाई सीधै अप्ठ्यारोमा पारेको हुन्छ । एउटा क्यामेराका लागि घण्टौँ पर्खिनुपर्ने बाध्यताले एकातिर कार्यक्रम छुट्ने र अर्कोतिर समयमा समाचार आएन भन्ने गुनासो थपिने समस्याले फिल्डमा जाने पत्रकार हतोत्साही हुने गर्दछन् । म स्वयं धेरैचोटि यस्तो भोगाइमा परेकी थिएँ । मलाई विशेष गरी समाज, संस्कृति, विकास, र परिवर्तनको विषयमा मात्र स्टोरी तयार पार्न मन पर्थ्यो । यसका लागि राम्रो क्यामेरा आवश्यक हुन्थ्यो, तर आर्काइभमा भएका राम्रा क्यामेरा जति सिंहदरबार, संविधानसभा भवन र मन्त्रीनिवास अर्थात् जहाँ जहाँ नेताहरू जान्थे त्यहाँ पुग्थे । क्यामेरा फर्कन घण्टौँ लाग्थ्यो । बाँकी क्यामेरा कुनै बिग्रेर पनि नबनाइएका, कुनै कामै नलाग्ने हुन्थे । यस्तो अवस्थामा प्रभावकारी रिपोर्ट बनाउन सकिन्नथ्यो । घटना एवं मुद्दाहरू क्यामेराकै अभावका कारण स्टोरी बनाउन सकिएन । यी र यस्तै कारणले पनि आफ्नै कामप्रति म विकर्षित हुँदै गएँ । यसबाहेक कुनै बेला क्यामेरा भएर पनि खिच्ने मान्छे हुँदैन थियो । यो समस्याकै कारण पत्रकार दुलालले आफैँ क्यामेरापर्सन र आफैँ संवाददाता भएको अनुभव पनि सुनाएका थिए । मेरो विचारमा डकुमेन्ट्रीका लागि यो सम्भव छ र प्रभावकारी पनि हुन सक्छ । न्यूज च्यानलमा त्यसमा पनि हरेक घण्टा समाचार प्रसारण गर्ने टेलिभिजनमा एउटै व्यक्तिले क्यामेरा र कलम चलाउन सजिलो हुँदैन । किनकि दृश्यलाई ध्यान दिँदा बोलेको कुरा छुट्न सक्छ भने कुरालाई ध्यान दिँदा उपयुक्त दृश्य । र, खिचिसकेको क्लीप्सबाट समाचार बनाउँछु भनिए तापनि त्यसका लागि पर्याप्त समय चाहिन्छ । जुन न्यूज च्यानलभित्र त्यति सम्भव पनि हुँदैन ।

टेलिभिजनमा आवाजविना कुनै पनि स्टोरी बज्न सक्दैन यसका लागि पर्याप्त भ्वाइस रेकर्डिङ स्टुडियोको व्यवस्था हुनुपर्दछ । मैले काम गर्ने क्रममा त्यहाँ एउटै मात्र भ्वाइस रेकर्डिङ स्टुडियो थियो । साँझ सात बजेको प्राइम टाइमलाई लक्षित गरी रिपोर्ट तयार गर्नेहरू त्यो स्टुडियोको ढोकामा लाम लागेर बसेका हुन्थे । रेकर्डिङ ढिलो भइहाल्यो भने त्यसले सबैतिर प्रभाव पार्थ्यो । दृश्य सम्पादनको काम रोकिनु, प्राइम टाइममा स्टोरी बज्न नपाउनु, जिम्मेवारी पूरा नगरेको गुनासो सुन्नु, समय नाश हुनु इत्यादि गुनासा र अप्ठ्यारा आइपर्थ्यो । पर्याप्त प्रविधि तथा सामग्री नभएका कारण टेलिभिजन जस्तो माध्यममा बज्ने सामग्री कहिले दृश्यविहीन हुने, कहिले आवाज नहुने र कहिले अनर्थ लाग्ने हुन्छ । यस्तो अवस्थामा टेलिभिजन पत्रकारले तनाव झेल्नु स्वाभाविक हो ।

यातायातको अभावले पनि पत्रकार धेरै अप्ठ्यारोमा परेका घटना छन् । जस्तै : इन्पुटले २ बजेको कार्यक्रममा पौने दुई बजे खटाउँछ, त्यतिबेला यातायातको साधन भएन भने कार्यक्रम छुट्छ । कार्यक्रम छुटेपछि समाचार किन आएन भनेर व्यवस्थापकले सम्पादकीय मण्डललाई प्रश्न गर्छ र संवाददाता खटाउने विभागले यातायात व्यवस्थापनलाई नभएर संवाददातालाई हप्काउने गर्दछन् । यसै गरी प्रतिष्ठानमा भएका मोटारसाइकल पुराना, नियमित रूपले सर्भिसिङ नगरिएको हुनाले बाटोमै बिग्रने समस्या झेल्नु परेको गुनासो धेरैजसो पत्रकारले गर्ने गर्दछन् । यसले समाचार संकलनमा व्यवधानका साथै उसको कामको जिम्मेवारीमाथि प्रश्न चिह्न खडा गरिदिएको हुन्छ । यस्तो अवस्थामा जिम्मेवार पत्रकारसमेत आफ्नो जिम्मेवारी पूरा गर्न नसक्दा निरूत्साहित हुन पुग्दछन् । नेपाली टेलिभिजनमा यस्ता समस्या अत्यन्तै बढी भएको पाइन्छ ।

यसै गरी संवाददातालाई निजको काम गर्ने समय तालिकाको ख्याल नगरी समाचार संकलनका लागि पठाइनु पनि व्यवस्थापनकै कमजोरीभित्र पर्दछ । यो चलन सामान्य देखिए तापनि यसले संवाददातालाई प्रत्यक्ष असर गरेको हुन्छ । समयको अभावले गर्दा शारीरिक र मानसिक तनाव थपिनु, घरमा ढिला आइपुग्नाले पारिवारिक सम्बन्ध बिग्रनु, अन्य काममा दिने समय एकातिर खर्च हुनु जस्ता समस्याले समेत पेसाप्रति उसको रूचि कम हुँदै जान्छ । मैले काम गर्दाको अवधिभर समयमै घर फर्कने पत्रकार एकदमै कम देखेँ । म आफैँ पनि छ बजे अफिसबाट निस्कनुपर्ने मान्छे सधैँ सात बज्थ्यो । यसको कारण आफ्नो रहर नभएर बाध्यता थियो । यो समस्याबाट महिला पत्रकार बढी प्रभावित छन् ।

## *महिला पत्रकारलाई हेर्ने दृष्टिकोण*

भनिन्छ, पत्रकारितामा लागेकाहरू सचेत वर्ग हुन् तर सचेत वर्ग भनेर चिनिएको यो समुदायभित्र पनि महिलालाई हेर्ने दृष्टिकोण खासै फरक छैन । सञ्चार गृहभित्र प्रवेश गरिसकेपछि पनि महिला पत्रकारले आफ्नो हाउभाउ, बोलीचाली, पहिरन, संगत सबै कुरालाई ध्यान दिनुपर्दछ जुन पुरुष पत्रकारका लागि त्यति जरुरी छैन । विशेष गरी माथिल्लो तहमा पुरुष हुने हुँदा कतिपय महिला पत्रकारमाथि ती पुरुषले आफ्नो प्रभाव जमाउने कोसिस गरेको देख्न सकिन्छ । सामाजिक अवस्था कमजोर भएका कारण महिला पत्रकारिता क्षेत्रमा पनि त्यति सुरक्षित छैनन् । विशेष गरी टेलिभिजन क्षेत्रमा महिला पत्रकारले आफ्नो उपस्थितिलाई बलियो पार्न सकेका छैनन् । धेरैजसो सामाजिक, राजनीतिकजस्ता ठूला बहसका प्रभावकारी कार्यक्रम पुरुष पत्रकारले चलाउने गर्छन् जसले गर्दा धेरै महिला पत्रकार खालि समाचारवाचक, कम महत्त्वका कार्यक्रम प्रस्तोता, स्वास्थ्य, मनोरञ्जन जस्ता बिटका संवाददाताका रूपमा काम गरिरहेका हुन्छन् । यसले महिलालाई हेर्ने दृष्टिकोणमा परिवर्तन ल्याउन सक्दैन । केही महिला टेलिभिजन पत्रकार रमा सिंह, दीपा गौतम, आरती चटौत आदिले महिला पत्रकारको खुबी र सक्रियतालाई प्रभावकारी ढंगबाट प्रमाणित गरिसकेका छन् । र पनि यो क्षेत्रमा पुरुषको तुलनामा महिलाको उपस्थिति ज्यादै न्यून छ । यस्तो हुनुमा सामाजिक मूल्य-मान्यता नै पहिलो कारण भएको टेलिभिजन पत्रकार तथा कार्यक्रम प्रस्तोता आरती चटौत बताउँछिन् । उनी भन्छिन्, "महिला आफैँमा कमजोर छैनन् उनीहरूलाई कमजोर पारिएको हुन्छ । सोहीअनुसारको संस्कार दिइएको हुन्छ । र त्यही अनुसारको मानसिकताको विकास भएको हुन्छ उनीहरूमा ।"[६] तर निजी टेलिभिजनमा कार्यरत केही महिला पत्रकार भने आफूहरू सक्षम भइकन पनि न्यूजरूममा काम गर्ने वातावरण नभएको गुनासो गर्छन् । टेलिभिजन क्षेत्रमै झन्नै दुई वर्ष बिताएर अहिले मन्टेस्वरी स्कूल सञ्चालन गर्न पुगेकी अशु कोइराला भन्छिन् :

> हामीलाई काम गर्ने वातावरण नै छैन । हामी भन्दा पनि कम शैक्षिक स्तर भएका पुरुष पत्रकारहरू राजनीतिक एवं व्यापारिक पहुँचका आधारमा माथिल्लो स्थान ओगटेर बसेका हुन्छन् । त्यस्ताहरूको अन्डरमा रहेर काम गर्न नसकिँदो रहेछ । विचार नै मिल्दैन । उनीहरूले हामीलाई हेर्ने दृष्टिकोण नै फरक छ । उनीहरूसँग एक दिन हाँसेर बोलेन भने

---

[६] चटौतसँग २०६८ माघ ११ मा गरिएको कुराकानी ।

> भोलिपल्ट उसको व्यवहार नै फरक हुन्छ । शिक्षित भए पो त । हामी महिला जति नै पढेलेखेको भए पनि उस्तै भेदभाव छ त्यहाँ । पैसामा भेदभाव, व्यवहारमा भेदभाव सबथोकमा भेदभाव । त्यस्तो माहौलमा काम गर्न कसरी सक्ने ? म त सन्तुष्ट हुनै सकिनँ ।[७]

उनको यो अनुभवबाटै पनि निजी टेलिभिजनमा महिला पत्रकारको अवस्थालाई राम्ररी बुझ्न सकिन्छ । उनका अनुसार कमजोर शैक्षिक अवस्था नै भेदभावको कारण हो । यही प्रसंगमा सञ्चार विश्लेषक टंक उप्रेती पनि महिलालाई महत्त्व नदिने प्रवृत्तिको कारण अन्य विधामा महिला पत्रकार धेरै भए तापनि प्रभावकारी कार्यक्रम प्रस्तुतीकरणमा महिलाको उपस्थिति कम भएको स्वीकार्छन । उनी भन्छन्, महिलालाई कमजोर आँक्ने प्रचलन छ । यसबाट हाम्रो देश झन् प्रभावित छ ।[८]

कतिपय महिला पत्रकार आफूभन्दा माथिल्लो स्तरका सम्पादकबाटै शोषित भएको पाइन्छ । उनीहरूमा विशेष गरी यौन दुर्व्यवहार हुने गर्दछ । समाचार सम्पादन गर्ने बहानामा छुन खोज्ने, माया गरेको जस्तो देखाउने, संवेदनशील विषयमा अनेक प्रश्न गर्ने यसका उदाहरण हुन् । एक जना पत्रकार बहिनी भन्ने गर्थिन्, "हेर्नु न, समाचार सम्पादन गर्ने बेला जहिले पनि जिस्किरहन्छ त्यो सर ।" यी त सामान्य घटना नै भए । कतिपय अवस्थामा कुनै पनि महिला पत्रकार निरन्तर एउटै पुरुष क्यामेरापर्सनसँग हिँडेको देखिएमा उसलाई त्यही क्यामेरापर्सनको प्रेमिका बनाइदिन्छन् । तर त्यहाँ मित्रताको खोजी गरिँदैन । यदि कुनै महिला पत्रकार आफ्नो जिम्मेवारी पूरा गर्ने क्रममा राति रिपोर्टिङमा गइन् भने उनलाई भोलिपल्ट आश्चर्य मान्दै प्रश्न गरिन्छ, "ओहो तपाईं जानुभएको ? कोसँग जानुभयो ?" मध्यरातमा आगोमा नाच्ने धामीहरूको रिपोर्टिङ गरेपछि मलाई पनि यस्तै प्रश्न सोधिएको थियो । यदि यो ठाउँमा पुरुष भइदिए यस्ता सवाल उठ्दैनन् । यी र यस्तै विभिन्न कारणले गर्दा पनि टेलिभिजन क्षेत्रमा महिला पत्रकार सक्रिय रूपमा अगाडि बढ्न सकेका छैनन् । यसो हुँदा उनीहरू यस क्षेत्रप्रति विकर्षित भएका हुन् । अशु कोइराला यसैको एउटा उदाहरण हुन् ।

---

[७] कोइरालासँग २०६८ पुस २२ मा गरिएको कुराकानी ।

[८] उप्रेतीसँग २०६८ माघ ११ मा गरिएको कुराकानी ।

## निष्कर्ष

सञ्चार क्षेत्र आफैँमा एउटा त्यस्तो संगठन हो जसले राज्यलाई सही बाटोमा हिँड्न प्रेरित गर्नुपर्ने हुन्छ । आफैँ अस्वस्थ भइसकेपछि राज्यलाई कसरी सही बाटोमा ल्याउन सहयोग गर्ने ? त्यसैले सञ्चार गृहका संस्थापक तथा सञ्चालकहरूले यस विषयमा पुनर्विचार गरी सही सञ्चार व्यवसायी हुनुको परिचय दिनु आवश्यक छ । त्यसका लागि श्रमजीवी पत्रकारसँग सञ्चार गृहका मालिकले पनि समन्वय गरी श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गर्नतर्फ लाग्न आवश्यक छ । र कार्यान्वयन नगरिएको खण्डमा आवश्यक कारबाही गर्न सरकारले पनि तत्काल कदम चाल्नुपर्ने देखिन्छ । यसका लागि सरकारकै मातहतमा रहेको नेपाल टेलिभिजनमा कानुनको अनिवार्य कार्यान्वयन गराउनु पहिलो आवश्यकता हो । अनि मात्र निजी क्षेत्रका टेलिभिजन सो बाटो पच्छ्याउन बाध्य हुने छन् । तर नेपाल टेलिभिजनले नै श्रमजीवी पत्रकार ऐनका प्रावधानलाई बेवास्ता गरेको अवस्थामा सरकारले निजी टेलिभिजनलाई दोष दिनुको कुनै औचित्य रहदैन । श्रमजीवी पत्रकार ऐन भनेर घोषणा गरिसकेपछि यो ऐनमा जुनसुकै सञ्चार गृह समेटिनुपर्छ सरकारी होस् या निजी । हाल नेपाल टेलिभिजनले आफूलाई अलग रूपमा प्रस्तुत गर्दैआइरहेको छ । श्रमजीवी ऐनद्वारा निर्धारित सेवा सुविधाभन्दा राम्रो सेवा सुविधा उपभोग गर्दैआएको बताउने नेपाल टेलिभिजनले सबै श्रमजीवी पत्रकारको हक र हितका लागि आवाज उठाउनु आवश्यक छ । लामो समयदेखि सञ्चार क्षेत्रमै रमाएका उनै टीकाराम यात्री पनि वास्तवमा टेलिभिजन सञ्चार गृहभित्रको व्यवस्थापन तथा कार्यशैलीप्रति त्यति सन्तुष्ट भने थिएनन् । मार्टिन चौतारीमा भएको यो बहसले अन्ततः टेलिभिजन गृहभित्र धेरै सुधार गरिनुपर्ने आवश्यकता औँल्याइदिएको छ । आगामी दिनमा सञ्चार जगत् हाँक्ने मालिकको सोच र काम गर्ने शैलीमा परिवर्तन आउनेछ भन्ने आशा भने अझै गर्न सकिन्छ ।

## सन्दर्भसामग्री

अर्याल, नारायण । २०६७ । निरीह पत्रकार बलिया मालिक । *नागरिक,* १९ मंसिर, पृ. ७ ।

गौतम, दीपा र शेखर पराजुली । २०६५ । *नेपाली टेलिभिजन : अभ्यास, अनुभूति र विश्लेषण* । काठमाडौँ : मार्टिन चौतारी ।

ढुंगेल, विनोद । २०६८ । विद्युतीय सञ्चारमाध्यममा श्रमजीवी पत्रकार कानुन कार्यान्वयनको अवस्था । *मिडिया अध्ययन* ६ : ४१-८७ ।

पराजुली, रमा । २०६५ । न्यूजरूम संस्कृतिः तीन ठाउँको अनुभव । *मिडिया अध्ययन* ३ : २३५-२५२ ।




# Chautari Book Series - 59

*Out Here in Kathmandu* is a collection of essays by Mark Liechty that demonstrates how cities like Kathmandu locally engage, produce and reproduce global cultural processes. The essays in the book showcase Kathmandu as a site where modernity expresses itself through the discourses of fashion, food, sex, love, mass media, caste, gender and class. These discourses, as the essays suggest, broadly constitute the core of the project of 'Nepali' modernity. Through ethnographic finesse and historico-anthropological flair, Mark Liechty also traces the career of middle-class culture and its intimate links with modernity in Nepal's history.

Anthropology in Nepal has hitherto been dominated by a focus on rural society and cultures. In contrast, this book discusses the new urban cultural practices of the middle-class in Kathmandu. Written by the leading scholar of modern Kathmandu, this book will be an essential reading for anthropologists and all others trying to understand contemporary Nepal.